"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी"

आमचोक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बालुवा, भोजपुर

सू. नं.: २१

## आ.व. २०८१/०८२ का लागी न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०८०/११/०१**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ (दोश्रो संशोधन, २०७८) को दफा १८ को उपदफा (१) बमोजिम आगामी आ.व. २०८१/०८२ का लागी न्युनतम रोजगारीमा संलग्न हुन चाहने न्युन आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ (अठार) वर्ष देखी ५९ (उनन्साठी) वर्ष उमेर समुहका बेरोजगार नागरिकले **२०८० फागुन महिना भरीमा आफू स्यायी बसोबास गरेको वडा कार्यालयमा सुचिकृत हुन निवेदन दिनु हुन** यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी सम्बन्धित वडा कार्यालय, गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट https://pmep.gov.np बाट नि:शुल्क प्राप्त गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु:**

1) निवेदकको नागरिकताको प्रतिलिपी - १ प्रति
2) पासपोर्ट साईजको फोटो - १ प्रति
3) फारममा उल्लेख गरिने परिवारका अन्य सदस्यहरुको समेत नागरिकता प्रमाणपत्रको प्रतिलिपी ( नावालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी) - १ प्रति
4) निवेदक विवाहित वा बसाईसरी आएको भएमा विवाह दर्ता वां बसाईसराई प्रमाणपत्रको प्रतिलिपी - १ प्रति
5) परिवारका कुनै सदस्य अपाङ्ग भएमा अपाङ्गता प्रमाणपत्रको प्रतिलिपी - १ प्रति र
6) पूर्ण रुपमा भरिएको आवेदन फारम - १ प्रति

नोट : आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

(धन कुमार राई)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

इमेल:ito.aamchowkmun@gmail.com, info@aamchowkmun.gov.np
Website: www.aamchowkmun.gov.np Facebook: facebook.com/aamchowk.gaunpalika